९. चालु आर्थिक वर्षको योजना सञ्चालन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको योजनाहरु २०७८ वैशाख मसान्त भित्रमा मा नै सम्पन्न गर्नका लागि वडा स्तरीय योजनाहरुलाई संशोधन गर्नुपर्ने भएमा र वडाको विविध शिर्षकमा रहेको रकमबाट योजना छुट्याउनुपर्ने भएमा मिति २०७७ फागुन २० गते भित्र वडा समितिको निर्णय गरि वडा कार्यालयबाट गाँउपालिका कार्यलयमा सिफारिश गराउने र योजनाहरुको संझौता मिति २०७७ चैत्र ५ गतेभित्र गराईसक्ने निर्णय गरियो ।

१०. खानेपानी योजना सञ्चालन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समितिबाट प्राप्त हुने वजेटलाई विभिन्न वडाहरुवाट प्राप्त सिफारिश र आवश्यकताको आधारमा उपभोक्ता समितिहरु मार्फत खानेपानी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

११. हलुका सवारी चालक सेवा करारमा नियुक्ती सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकालाई महान्यायाधिवक्ताको कार्यालय, पुतलीसडक, काठमाडौंबाट वा २ झ १०५९ नम्बरको बोलेरो जीप प्राप्त भएकोमा सो गाडी सञ्चालनको लागि चालकको आवश्यकता परेकोले एक जना हलुका सवारी चालक सेवा करारमा नियुक्ती गर्ने निर्णय गरियो।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner